# आन्तरिक पर्यटनको मज्जा : चितवन क्षेत्रको भ्रमण

केही हप्ता अघि काम विशेषले हामी चितवनको भ्रमणमा निस्केका थियौं । कोरोनाको महामारी पश्चात हामी सपरिवार यसरी घुम्न गएको यो पहिलो चोटी नै होला । शुरुमा यस्तो महामारीको बेलामा यात्रा गर्नुपर्दा मनमा एक प्रकारको डर र अप्ठ्यारोपनाको सिर्जना भएपनि यात्राको दिन नजिक आउँदै गरेपछि भने मन प्रसन्न हुँदै पनि गयो । हुन पनि विगत चार महिना हामी परिवारका सबै सदस्य हाम्रा घरमुली तथा मेरा पिताजीको स्वास्थ्यमा एक्कासी खरावी आएर केही दिन घरैमा उपचार गरेर पछि झण्डै अढाई महिना अस्पतालमा भर्ना गर्नुपरेको र त्यसो गर्दा पनि वहाँलाई बचाउन हाम्रो केही शिप नलागेकोले निकै चिन्तित र थकित भएका थियौं । हामीलाई वास्तवमा नै केही दिनको आराम र शान्ति पनि चाहिएको थियो । आखिर त्यसपछि त फेरि यो संघर्षशील जीवनको डुङ्गालाई खियाउनै पऱ्यो । के गर्नु जिन्दगीको नियम नै यस्तै रहेछ ।

यात्राको पहिलो दिन हामी घरको जिम्माको बन्दोबस्ती मिलाएर बिहान सबेरै यात्राको लागि रवाना भयौं । जाडोको महिना त्यसै पनि घुमघाम गर्नको निम्ति निकै राम्रो समय, त्यस माथि परिवारको अधिकांश सदस्य यो भ्रमणमा सामेल हुने भएकाले यसको मज्जा नै भिन्दै थियो । गफ गर्दै जाँदा नागढुंगा कटेको पनि पत्तै पाइएन छ । वर्षाको बेला पहिरोले बिगारेको सडक खण्डहरु पनि धेरैजसो ठाउँमा मर्मत भइसकेका तथा बाहिरबाट काठमाडौं पस्ने रात्री बसहरु पनि भित्रिइसकेकाले राजमार्ग खाली खाली नै थियो । थानकोटको बस्नेतछाप देखि नौबिसे वरको सिस्ने खोलासम्मको २.३५ किलोमिटरको सुरुङमार्गको निर्माण कार्य पनि दुवै तर्फबाट शुरु भइसकेको रहेछ । सबैकुरा योजना मुताविक भएमा जापानी प्रख्यात कम्पनी हजामा कर्पोरेशनले निर्माणको काम थालेकोले यो आयोजना दिगो हुने र समयमा नै सम्पन्न हुने कुरामा विश्वास गर्न सकिन्छ । तर काम गर्दै जाँदा विस्फोटक पदार्थको आपुर्तिमा कमी, इन्धनको संकट, मजदुर समस्या, मुआव्जा तथा अन्य समस्याहरु देखाएर स्थानीयको रोकावट आदिले पनि निर्माण कार्यमा वाधा पुऱ्याउन सक्छन् । यो सुरुङ मार्गको निर्माण पश्चात राजधानी पस्ने र बाहिरिने यो मुख्य राजमार्ग निकै व्यवस्थित हुने विश्वास गरिएको छ । सिस्ने खोलादेखि नौविसेसम्मको सडक खण्डका घुम्तिहरु पनि मिलाएर बाटोलाई चौडा गर्ने काम समेत भइरहेको देखियो । देशदर्शनमा निस्कँदा यस्ता निर्माण कार्यहरुमा प्रगति भएको देख्दा मन प्रसन्न हुन्छ ।

नौबिसेबाट थोरै अघि बढेपछि बाटोमा सडक कर उठाउने एउटा पोष्ट थियो केही अघिसम्म पनि । तर कोरोनाको महामारी पश्चात लकडाउन भएपछि त्यो पोष्ट पनि हटेछ । हाल सडक कर नै उठाइँदैन रहेछ । मैले विदेशहरुमा पनि देखेको छु । धेरै देशहरुमा यस्ता कर पोष्टहरु सडकमा लहरै बनाइएका हुन्छन् र करको रकम तिरेपछि स्वचालित ढाट हट्छ र गाडीहरु अघि बढ्दछन् । तर आजकल विकसित मुलुकहरुमा यो पद्धति पनि पुरानो भएछ । आजकल त प्रत्येक सवारीसाधनमा एउटा सुक्ष्म उपकरण जडान गरिएको हुँदोरहेछ र भूउपग्रह मार्फत यसको लिंक सडकको कर असुल गर्ने ठाउँमा राखिएको उपकरणसँग हुँदोरहेछ । सो ठाउँ पार गर्ने वित्तिकै त्यहाँ जडित उपकरणले सवारी साधन धनीको बैंक खाताबाट आवश्यक कर रकम असुल गर्दोरहेछ । गाडी रोकिरहने र ट्राफिक जामको टन्टा नै साफ । यो कुनै जटिल प्रविधि होइन आजकल । त्यसैले यस्ता प्रविधिहरुको अवलम्वन गरिएमा कर असुलीमा हुने गरेका अनियमितता पनि कम गर्न सकिन्छ ।

अक्सर मलेखुमा माछा, चप, चिया आदि नास्ता खाने गरेता पनि हामी यसपाली सिधै कुरिनटारस्थित रिभर साइड स्प्रिंग रिसोर्टमा अडियौँ र त्यहीँ बिहानको खाना खायौँ । खाना नआउन्जेलसम्म त्यहाँबाट देखिने नदी, नदी किनार र वोट-विरुवाको आनन्द लियौँ । त्यहाँ काम गर्ने केही कर्मचारीहरुसँग सोधपुछ गर्दा उनिहरु मध्ये धेरैजना त्यतै नजिकका गाउँघरका वासिन्दाहरु भएको कुरा थाहा भयो ।

अलिक अगाडिस्थित मनकामना जाने केवलकार विसौनीको पनि निरिक्षण गर्‍यौँ । निकै समय महामारीले गर्दा बन्द भएको मनकामना दर्शन र केवलकार अब सुचारु भएकोले भक्तजनहरुको भिडभाड पनि विस्तारै बढ्दै रहेछ र वरपरका खाना खाने होटलहरुमा पनि चहल पहल बढेको । मुग्लिङ बजार पनि त्यतिकै रमाइलो । केही दशक अघिसम्म यो राजमार्गबाट आवत जावत गर्नेहरुको मुख्य विश्राम र खाना खाने स्थल यही मुग्लिङ बजार थियो । तर अब राजमार्गका ठाउँ ठाउँमा ठुला साना होटल, रिसोर्ट, कफी शप तथा शौचालयहरुको स्थापना भएकोले मुग्लिङको आकर्षण निकै घटेको छ । तर पनि यो बजारले एउटा सानो नगरको नै रुप लिइसकेको र विभिन्न जात र धर्मावलम्वीहरुका विशेष परिकारहरु समेत पाइने होटलहरु यहाँ भएकाले आज पनि यसले आफ्नो अस्तित्व कायम राख्न सकी नै रहेको छ ।  मुग्लिङबाट पश्चिमतिर लागे पोखरा, गोर्खा तथा लम्जुङ जस्ता ठाउँहरु पुगिन्छ । निकै पछि बनेको मुग्लिङ-नारायणगढ सडकबाट भने पुर्व-पश्चिम राजमार्गको चितवन खण्डमा पुगिन्छ । नौबिसे-मुग्लिङ-पोखरा यानी पृथ्वी राजमार्ग बनेको धेरै समय पछि यही राजमार्गको आँबुखैरेनीदेखि गोर्खासम्म, डुम्रेदेखि बेसीशहरसम्म र मुग्लिङदेखि नारायणगढसम्मका बाटाहरु बनेका हुन् । मुग्लिङ-नारायणगढ सडक बनेपछि नै चितवन तथा नेपालको पश्चिमी भेगहरुमा राजधानीबाट आवत जावत गर्न सजिलो भएको हो भने पुर्वतिर आवत जावत गर्न पनि त्रिभुवन राजपथको निकै घुमाउरो बाटो भन्दा यो बाटो लामो भएपनि बढ्ता चलन चल्तीमा आउन थाल्यो । भिरै भिरबाट जाने बाटो भएकोले यो शुरुमा साँघुरो बनाइएको थियो । त्यसैले सबैतिरका गाडीहरुको भार यो सडकमा पर्न थालेपछि र वर्षायाममा निकै पहिरो जाने भएकोले यो सडकमा दुर्घटना पनि धेरै हुने गर्दथ्यो । तर केही वर्ष अघि यो सडक खण्ड पनि केही चौडा बनेपछि भने अब यो सडकमा यात्रा गर्ने मज्जा नै अर्कै हुन थालेको छ । यहाँका एक दर्जन भन्दा बढी पुलहरु पनि सबै नयाँ र चौडा बन्दैछन् । चितवन पुग्ने बेलामा रामनगरको वनमा त सडक मुनिबाट जंगली जनावरहरुले वारपार गर्ने भिन्दै बाटाहरु पनि ठाउँ ठाउँमा बनाइएका छन् ।

रामनगर भन्दा केही वर पर्ने दासढुंगादेखि नै नयाँ होटलहरु स्थापना हुन थालेका छन् भने दासढुंगा पारी तनहुँको देवघाट जाने पुल बनेपछि नदी पारी पनि विकासको लहर फैलिँदै छ ।  दासढुंगा कै पुर्वको कविलास डाँडामा पनि रिसोर्टहरु खुल्ने क्रम बढ्दैछ । यस्ता संरचनाहरु वास्तवमा विदेशीहरुलाई भन्दा पनि स्वदेशी पर्यटकहरुलाई नै मध्यनजर गरेर तयार पारिएको भान हुन्छ । रामनगर केही वर्ष अघिसम्म पनि बसहरु रोकिएर चिया-नास्ता गर्ने र देवघाटमा मेला भर्न आउनेहरु अडिने ठाउँको रुपमा मात्र परिचित थियो भने हाल आएर यस भेगमा काठमाडौं र अन्य ठाउँका धनाढ्यहरुले जाडो छल्नको लागि आलिशान घरहरु बनाएर बस्न थालेकाले यो बजार चिटिक्क परेको सानो शहरको रुपमा रुपान्तरण हुँदैछ ।

राजा महेन्द्रले प्राण त्यागेको दियालो वंगला पनि देवघाटको किनारसँगैको जंगलमा नै पर्छ । तर त्यस्तो महत्वपुर्ण दरवारलाई हाल सेनाको व्यारेकमा रुपान्तरण गर्न लागिएको भन्ने कुरा सुन्नमा आएको छ । सेनाको सुरक्षामा हुनु त राम्रो कुरा हो, तर सो दरवारलाई निकै महँगो शाही रिसोर्टमा बदल्न सके विश्वका सम्भ्रान्त पर्यटकहरुलाई आकर्षित गर्न पनि त सकिन्थ्यो होला नी । हेटौंडा, भरतपुर र पोखराका

राजदरवारहरुलाई सरकारी तवरमा नै यस्ता हाइ-एण्ड रिसोर्टमा रुपान्तरण गरेर राजर्षी ठाटमा पैसाको खोलो बगाएर घुम्न चाहने अति धनाढ्य पर्यटकहरुलाई आकर्षित गर्न सकिने थियो । भारतमा पनि यस्तो गरिँदै आएको छ ।

काठमाडौँबाट १३९ किलोमिटर दक्षिण-पश्चिममा रहेको भरतपुर महानगरपालिका निकै छोटो अवधिमा एक विशाल शहर बन्न सफल भएको छ । हेर्दा हेर्दै यहाँ दर्जनौं राम्रा र सुविधाजनक होटलहरु खुलिसकेका छन् भने शिक्षा र स्वास्थ्यको पनि यो हव बन्दै गएको छ । विशाल नारायणी र राप्ती नदीले गर्दा यो क्षेत्रमा पानीको अभाव छैन । पानी कै कारण यो शहरको वरीपरी घना जंगल, खेतीयोग्य जमिन र सिमसार क्षेत्रहरु निकै धेरै छन् । विगतमा पञ्चायती कालमा पनि बेला बेलामा नेपालको राजधानी यहाँ सार्नुपर्ने कुराहरु निस्कने गरेका थिए । यसको मुख्य कारण नै पानी र जमीनको उपलब्धता र मानवोचित मौषम हुन् । हाल यहाँका गाउँ गाउँ जोड्ने अधिकांश सडकहरु पक्की बनाइसकिएका छन् भने यहाँको विमानस्थल पनि केही समयमा विस्तार हुँदैछ । त्यस्तै यहाँ नेपाल कै सबैभन्दा ठुलो र विश्वस्तरको क्रिकेट मैदान पनि निर्माण हुँदैछ । यो शहर मुलुक हाँक्ने धेरै नेताहरुको वासस्थान पनि हो ।  हामीले पनि आफ्नो कामको लागि एक रात यतै बितायौँ । जाडोको मौषममा यहाँ घुमघाम गर्न निकै मज्जा आउने, साथै यहाँ काठमाडौँमा झैँ राम्रा रेष्टुरेण्टहरु तथा फास्ट फुडका दोकानहरु पनि भएकाले सबै उमेरका मानिसहरुले खानाको आनन्द लिन सक्दछन् ।

रातको निकै शान्त र गहिरो निन्द्रा पश्चात भोलिपल्ट होटल कै प्याकेजको नास्ता लिएर हामी सौराहाको लागि रवाना भयौँ । हुस्सुसँगै चिसो मौषममा एकाबिहानै नयाँ गन्तव्यको लागी यात्रा गर्ने मज्जा नै अर्कै । हुन त सौराहा भरतपुरबाट त्यति टाढा त छैन, १२ किलोमिटर मात्र हो, तैपनि शहर सकिने वित्तिकै आउने जंगलको बाटोको हरियाली र शान्त यात्रा तथा यदाकदा देखिने जंगली जनावरहरुले पनि केही उत्साह बढाउने । केही मिनेटमा नै यो जंगल सकिएर हामी फेरी अर्को सानो शहर टाँडीमा पुग्यौँ । भरतपुर र टाँडीमा हाल शहर नजिकको मुख्य राजमार्गलाई ६ लेनको बनाउने होड नै चलेको छ । हुनत केही समय यता नेपालका सबैजसा स्थानीय निकायहरुले यस्ता फराकिला सडकहरु बनाउने कार्य गर्दैछन् भने एशियाली विकास बैंकले पनि सडक चौडा गर्न सघाइरहेको छ ।

सौराहातिर मोडिने चोकमा नै गैंडाको प्रतिमुर्ति राखिएकोले अब हामी जंगलको बाटो लाग्न लागेको सुखद अनुभूतिले मन निकै प्रसन्न भयो । तर पहिले भन्दा यो क्षेत्र पनि निकै विकसित भइसकेछ । करिव करिव सौराहा पुग्ने पुरै बाटोको दायाँ वायाँ घरहरु बनिसकेका र सडक पनि कालोपत्रे भइसकेको । बाटोमा तोरी फुलेर पहेँला भएका खेतहरुको मनोरम दृश्यले भने निकै मोहित बनायो । यो क्षेत्रमा तोरीको खेती धेरै हुने भएकोले यहाँ तोरीको तेल पनि प्रचुर मात्रामा पाइन्छ । लकडाउनले गर्दा थला परेको सौराहाको पर्यटन हाल स्वदेशी पर्यटकहरुबाट नै केही हदसम्म चलेको महसुस भयो । यहाँका होटलहरुले पनि अन्य ठाउँहरुमा झैँ विशेष प्याकेज ल्याएकाले आजकल निकै महँगा र विलासी होटलहरुमा पनि आम नेपालीहरु गएर बस्न सक्ने भएका छन् । तर कैयन् होटलहरुले भने बस्ने कोठामा रकम ह्वात्तै घटाए पनि खानामा भने अझ बढी असुल्ने गरेका रहेछन् । उनिहरुले पनि के गरुन् त्यत्रा कर्मचारीलाई तलब दिनु पर्छ, बैंकको ऋण तिर्नु पर्छ, अनि होटललाई सफा-सुग्घर राख्नै पर्छ । हामी बसेको होटल पनि त्यहाँका महँगा मध्येको नै थियो, तर निकै सस्तोमा बस्न पाइयो । भोलिपल्ट बिहान सबेरै हामी सबैजना नास्ता पछि हिँड्दै घुम्न निस्कियौँ ।  हात्ती प्रजनन केन्द्र, जंगल सफारीको लागि हात्ती चढ्ने ठाउँ तथा नीजि तवरले हात्ती राखेका घरहरुको पनि भ्रमण गऱ्यौँ । हाम्री सानी नातिनी हात्ती, गाई, भैँसी, बाख्रा तथा साना बच्चाहरु, हाँस,

कुखुरा, आदि देखेर निकै रमाई । केहीबेर घोडाले तानेको टाँगा पनि चढेर राप्तीको किनारसम्म गयौं । राप्तीको किनारमा र नदी पारीको सिमसार जग्गामा आएका चराहरु हेरेर मन निकै मोहित भयो । यो क्षेत्रमा अनाजको खेती निकै धेरै हुने, सिमसार जमिन पनि धेरै भएको र जनघनत्व पनि निकै कम भएकाले साइवेरिया, मंगोलिया, दक्षिण र दक्षिण-पुर्वी एशिया देखि विभिन्न मौषमहरुमा चरा-चुरुंगीहरु आएर बस्छन् र ओथारो बसेर बच्चा समेत कोरल्छन् । यो भेगका रैथाने चराहरुको त यो वासस्थान नै भइहाल्यो । राप्तीको किनारमा गैंडाहरु पनि चर्न र पानी पिउन आएको देखियो । कहिले काहीँ त सोराहाको बजार ईलाकामा पनि गैंडा पस्ने गरेको छ ।

थारुहरुको बसोवासस्थल यो क्षेत्रमा हामी माघे संक्रान्ति कै दिनमा घुमघाम गरिरहेकाले थारुहरुका मिठाईका विशेष परिकारहरु तथा कन्दमुलहरु पनि खाने अवसर मिल्यो । स्थानीय होटलहरुमा केही युवकहरु दिउँसै आगो तापेर मदिराको चुस्कीसँग संखे किरा तथा राँगा, वंगुर, कुखुरा र माछाका परिकारहरु पनि खाईरहेका थिए । दिउँसोपख हामी पुनः भरतपुर हुँदै पटिहानी, कसराको निम्ति रवाना भयौं । विमानस्थल हुँदै विपि क्यान्सर अस्पताल जाने बाटो समाएर जानु पर्ने कसराको बाटो र यस भेगका अधिकांश बाटाहरु कालोपत्रे भइसकेका रहेछन् । केही वर्ष पहिले मेघौली तथा वराह जंगल रिसोर्ट घुम्न जाँदा बाटो निकै बिग्रिएकोले आधा घण्टाको बाटो छिचोल्न हामीलाई झण्डै दुई घण्टा लागेको थियो भने पुरै शरीर गलेको पनि थियो । भरतपुरबाट कसरा करिव १९ किलोमिटर दक्षिण-पश्चिममा पर्दोरहेछ र बाटोको ठाउँ ठाउँमा होटलहरु जाने बाटो बताउने पहेँला काठे वोर्डहरु राखिएकाले बाटो पत्ता लगाउन सजिलो ।

हामी बसेको कसरा (पाँच तारे) रिसोर्ट चितवन राष्ट्रिय निकुञ्ज कै बाहिर पट्टिको पटिहानी भन्ने ठाउँमा रहेकोले जंगलको निकै नजिक पर्दो रहेछ । साना साना कटेज जस्ता पक्की छाप्रामा ज्यादै सुविधायुक्त र शान्त एक कोठा र शौचालय बनाइएकोले प्रत्येक छाप्रोमा एक थरी मात्र ग्राहक बस्न मिल्ने । एक्लै रात कटाउन त डर पनि लाग्ने जस्तो तर पुर्ण वातानुकुलित र वाइफाइको राम्रो प्रवन्ध । जंगलको वातावरण नखल्बलियोस् भनेर टेलिभिजन चाहीँ नराखिएको । सँगैको अवलोकन स्थलबाट नजिकैको जंगलमा विभिन्न जनावरहरु डुलिरहेका पनि देख्न सकिने । होटलको खाना निकै स्तरिय र स्वादिलो थियो र त्यति महँगो पनि थिएन । जाडोको समय भएकोले दिउँसो होटल कै माउन्टेन वाइकहरुमा हामी पटिहानीका वस्तीहरु र खेतहरु हुँदै धेरै बेर डुल्यौं । साँझपख थारु सांस्कृतिक कार्यक्रम पनि हेर्ने मौका मिल्यो । आधा जस्ता कोठाहरु भरिएको उक्त होटलमा सबै नेपाली नै पाहुनाहरु थिए । महामारीबाट बच्न सुरक्षाका विभिन्न उपायहरु अवलम्बन गरिएका, जस्तै स्यानिटाइजर, ज्वरो मापन, प्रसस्त दुरीमा खानाका टेबलहरु र मास्क लगाएका सफा-सुग्घर कर्मचारीहरु । यहाँ हामीले के महसुस गर्‍यौं भने यी सबै सुरक्षाका उपायहरु वाहेक वुफेमा खाना हाल्दा सबैले सर्भिङ स्पुन छुने भएकाले खाना हाले पश्चात एकचोटी हात धोएर मात्र खाना खाँदा राम्रो हुने रहेछ । त्यस्तै जंगल सफारीमा जान गाडीमा बस्दा पनि मास्क लगाउने र एक अर्कामा आवश्यक दुरी कायम गर्ने तथा कम बोल्ने गर्दा सुरक्षित रहिँदो रहेछ ।

कसराबाट केही पर चितवन राष्ट्रिय निकुञ्ज छ । १९७३ मा स्थापना भएको यो नै नेपालको पहिलो निकुञ्ज हो । विश्व सम्पदा सुचिमा समेत परेको यो निकुञ्जमा झण्डै ९०० भन्दा बढी फुलका तथा अन्य वोट-विरुवा र रुख तथा लहराहरु पाइन्छन् । यस निकुञ्जमा बाघ, भालु, चितुवा, गैंडा, अर्ना, हात्ती, हरिण, बँदेल, गोही, घडियाल तथा अन्य धेरै जलचर, जीव-जन्तु तथा चरा-चुरुंगीहरु पाइन्छन् । यिनको चोरी शिकारी रोक्न सेना नै तैनाथ गरिएको भएपनि बेला बेलामा त्यहाँ ठुलो संख्यामा जनावरहरुको चोरी

शिकारी भई नै रहन्छ। आजकल चितवन राष्ट्रिय निकुञ्ज भित्र होटल तथा लजहरु राख्न मनाही गरिएको छ। जंगल भित्र नै एउटा विमानस्थल समेत छ तर त्यति चल्तिमा छैन, बरु वर्षको एक पटक हात्ती पोलो त्यहीँ खेलाइन्छ।

एक रातको सौराहा र दुई रातको कसरा बसाइँ पश्चात निकै ताजा र स्वस्थ महसुस गर्दै हामी काठमाडौँ फर्कियौँ। माघे संक्रान्तिको दिन निकै भिड लाग्ने भएकाले काठमाडौँ फर्कने दिन देवघाटमा अवस्थित सेती गण्डकी र काली गण्डकी (कृष्ण गण्डकी) को संगममा मुख धोएर माता-पिता तथा अन्य पितृहरुको स्मरण गरेँ। बाटोमा स्वच्छ तोरीको तेल, मह, घिउ, मासको दाल, मिठाई, फलफुल आदी किन्न पनि भ्यायौँ। यसरी बेला बेलामा आन्तरिक पर्यटनको निम्ति निस्कँदा शरीरको थकान हट्नुका साथै लामो समय सम्म मन पनि बहलीरहँदो रहेछ। अर्को तर्फ मुलुकको अर्थतन्त्रमा पनि हाम्रै कारणले अलिकति भएपनि सहयोग पुग्ने।

*   *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन्।*

*२०७७ साल माघ २३ गते*